Department of Health & Social Care

# वृद्ध वयस्क स्याहार गृहहरूमा काम गर्नका लागि खोपलाई शर्त बनाउने

14 अप्रिल 2021 मा प्रकाशित

## COVID-19 खोप कार्यक्रम

1. COVID-19 खोप कार्यक्रम NHS को इतिहासको सबैभन्दा ठूलो खोप कार्यक्रम हो । 7 अप्रिल 2021 सम्म, इङ्ल्यान्डमा करिब 27 मिलियन मानिसहरूले COVID-19 खोपको पहिलो डोज लगाइसकेका छन्[फुटनोट 1] । स्याहार गृहहरूमा बस्ने सबै मानिस, स्वास्थ्य तथा सामाजिक स्याहार कर्मचारी, 50 तथा सोभन्दा बढी उमेरका मानिस र चिकित्सकीय रूपमा एकदमै जोखिममा रहेका मानिसहरूलाई खोप प्रदान गरिएको छ । यी समूहहरू COVID-19 बाट हुने मृत्युहरूको 99% हुन्छन् जसको अर्थ सम्भवतः हजारौं जीवनलाई बचाउन सकिनेछ । पब्लिक हेल्थ इङ्ल्यान्ड (जनस्वास्थ्य इङ्ल्यान्ड) द्वारा गरिएको विश्लेषणले सुझाव दिए अनुसार COVID-19 खोप कार्यक्रमले फेब्रुअरी 2021 को अन्तसम्म 6,100 वटा मृत्युलाई रोकेको थियो । संयुक्त अधिराज्य (UK) का COVID-19 खोपहरू MHRA द्वारा COVID-19 सङ्क्रमण हुने सम्भावनालाई घटाउन र भाइरस लागेका मानिसहरूमा गम्भीर रोग लाग्नबाट रोक्नमा सुरक्षित तथा प्रभावकारी छन् भनेर स्वीकृत गरिएको छ ।

2. खोपले भाइरस लागेका मानिसहरूले अन्य मानिसहरूलाई सङ्क्रमित गराउन पनि रोक्छ भनेर सुझाव दिने प्रमाण पनि रहेको छ जसले फैलावट रोक्छ । SIREN को अध्ययनले देखाए अनुसार कामकाजी उमेरका वयस्क मानिसहरूलाई खोप लगाउँदा त्यसले लक्षणहरू नभएका (एसिम्टोमेटिक) र लक्षणहरू भएका (सिम्टोमेटिक) SARS-CoV-2 सङ्क्रमणलाई धेरै हदसम्म घटाउनेछ र तसर्थ सर्वसाधारणमा सङ्क्रमणको फैलावट घट्नेछ । यस अध्ययनले सङ्क्रमणको विरुद्धमा प्रभावकारिता देखाएको छ जसमा Pfizer खोपको पहिलो डोज लगाएको 21 दिनमा सङ्क्रमणविरुद्ध 72% (95% CI 58 देखि86 सम्म) देखिएको थियो - यो AstraZeneca ट्रायलहरूमा देखिएका प्रभावहरू झै समान रहेको छ । त्यसैले सङ्क्रमणको फैलावटमा कम्तीमा पनि यति ठूलो असर हुनेछ भनेर अपेक्षा गरिन्छ । वृद्ध मानिसहरूमा सङ्क्रमण सर्ने विरुद्धको सुरक्षा थोरै कम हुन, समयको क्रमसँगै घट्दै जान वा निश्चित भेरियन्टहरूको विरुद्धमा तुलनात्मक रूपमा कम हुन सक्नेछ ।

3. COVID-19 बाट गम्भीर बिरामी हुन सक्ने सबैभन्दा बढी जोखिममा रहेका मानिसहरूलाई सुरक्षित राख्न हामीले गर्न सक्ने सबै कुराहरू गर्न एकदमै महत्त्वपूर्ण हुन्छ र यस महामारीलाई भगाउनका लागि खोप नै हाम्रो मुख्य उपाय हो भन्ने कुरा हामीलाई थाहा छ । हामीले लामो यात्रा तय गरिसकेका छौं तर हामीलाई अझ अगाडि जानुहुन्छ ।

# जेष्ठ नागरिक स्याहार गृहहरूमा खोप लगाउने

4. हामी स्याहार गृहहरूमा त्यहाँ बस्ने तथा काम गर्ने धेरै मानिसहरूले आफ्नो ज्यान गुमाउनुपरेको सङ्क्रमणको व्यापक फैलावटको स्थितिमा फर्किन कहिले पनि चाहँदैनौं । ज्वाइन्ट कमिसन अन भेक्सिनेसन एण्ड इम्युनाइजेसन (JCVI) (खोपसम्बन्धी संयुक्त आयोग) ले जेष्ठ नागरिक स्याहार गृहहरूमा बसिरहेका मानिस र त्यहाँ कार्यरत कर्मचारीहरूलाई खोप लगाउने क्रमका लागि उच्च प्राथमिकता समूहको रूपमा पहिचान गरेको थियो ।

5. स्वतन्त्र साइन्टिफिक एड्भाइजरी ग्रुप फर इमर्जेन्सिज (SAGE) (आपत्कालीन स्थितिहरूका लागि वैज्ञानिक सुझाव समूह) को सोसल केयर वर्किङ ग्रुप (सामाजिक स्याहार कार्य समूह) ले COVID-19 सङ्क्रमण पछि हुने गम्भीर परिणामहरूको अझ बढी जोखिम र ती बन्द वातावरणहरूमा सङ्क्रमणको फैलावटको जोखिमको मिश्रणले गर्दा स्याहार गृहहरूमा बसिरहेका मानिसहरू COVID-19 महामारीद्वारा उल्लेखनीय रूपमा प्रभावित रहेका छन् भन्ने कुरालाई प्रकाशमा ल्याएको छ । यी वातावरणहरूमा बस्ने र काम गर्ने मानिसहरूमा एकदमै उच्च स्तरमा खोप लगाउने कार्यलाई सुनिश्चित गर्नु नै खोपबाट रोकथाम गर्न सकिने गम्भीर रोगका लागि महत्त्वपूर्ण जनस्वास्थ्य हस्तक्षेप हुन्छ । दिनको धेरैपटक एकअर्कासँग निकट सम्पर्कमा आउने मानिसहरूको एउटै समूह रहने वातावरणहरूले अन्य अझ बढी खुला वातावरणहरूमा भन्दा सबै बासिन्दाहरू (कर्मचारी तथा निवासीहरू) मा भाइरसलाई अझ छिटो र अझ व्यापक रूपमा फैलाउनेछन् ।

6. SAGE को सोसल केयर वर्किङ ग्रुपले COVID-19 लाई फैलनबाट रोक्नका लागि सुरक्षाको न्युनतम स्तर उपलब्ध गराउन प्रत्येक स्याहार गृह वातावरणमा कर्मचारीहरूमा 80% र निवासीहरूमा 90% को दरले खोप लगाउनुपर्ने बनेर सुझाव दिएको छ । यो अहिले व्यापक रहेको प्रमुख भेरियन्टको विरुद्धको पहिलो डोजका लागि हो । दोस्रो डोज लगाइसकेपछि यी दरहरूलाई कम गर्न सकिनेछ तर नयाँ भेरियन्टहरू देखिरहेको कारणले गर्दा त्यसले यी स्तरहरूलाई बढाउन सक्नेछ, त्यसैले न्यूनतम कभरेज स्तरका अनुमानहरू परिवर्तन भइरहन सक्छन् ।

7. NHS, सामाजिक स्याहार क्षेत्र र स्थानीय सरकार सबैको नेतृत्वकारी भूमिकाले गर्दा जेष्ठ नागरिक स्याहार गृहहरूमा COVID-19 खोप लगाउने कार्य एकदमै राम्ररी अगाडि बढिरहेको छ । 4 अप्रिल 2021 सम्म, इङ्ल्यान्डमा जेष्ठ नागरिक स्याहार गृहहरूमा बसिरहेका सबै योग्य मानिसहरू मध्ये 94.1% ले कम्तीमा पनि आफ्नो पहिलो खोप लगाइसकेका छन् । 4 अप्रिल 2021 सम्म, जेष्ठ नागरिक स्याहार गृहहरूमा काम गर्ने सबै योग्य कर्मचारीहरू मध्ये 78.9% ले कम्तीमा पनि आफ्नो पहिलो खोप लगाइसकेका छन् । हप्तैपिच्छे खोप लगाउने डर बिस्तारै बढिरहेको भएतापनि कर्मचारीहरूको 78.9% को समग्र आँकडाले क्षेत्रीय, स्थानीय र व्यक्तिगत स्याहार गृह स्तरमा उल्लेखनीय भिन्नतालाई छोप्छ । 8 अप्रिल 2021 सम्म, लन्डनका सबै 32 वटा बोरोहरू लगायत 89 स्थानीय प्राधिकरणहरूमा कर्मचारी खोप दर 80% भन्दा कम रहेको थियो । 27 स्थानीय प्राधिकरणहरूमा कर्मचारी खोप दर 70% भन्दा कम रहेको थियो ।

परिणामस्वरूप, सङ्क्रमणको व्यापक फैलावटलाई कम गर्नका लागि SAGE द्वारा सुझाव दिए अनुसार आवश्यक रहेको सुरक्षाको स्तर अहिलेसम्म प्राप्त नगरिसकेका धेरै जेष्ठ नागरिक स्याहार गृहहरू अझै पनि रहेका छन् । त्यसैले, COVID-19 का विनाशकारी प्रभावहरूबाट एकदमै उच्च-जोखिमका वातावरणहरूलाई सम्भव भएसम्म सुरक्षित बनाउनका निम्ति नयाँ मापदण्डहरू सुरु गर्नका लागि एकदमै विषम स्थिति रहिआएको छ ।

# खोप लगाउनका लागि प्रोत्साहित गर्न सरकारले के गरेको छ

9. 13 फेब्रुअरी 2021 मा, हामीले UK को COVID-19 खोप वितरण योजना प्रकाशित गरेका थियौं जसमा खोप लगाउने कार्यलाई अगाडि बढाउने प्रमुख कार्यक्रमका बारेमा जानकारी उपलब्ध गराइएको थियो र त्यसमा खोप लगाउन सङ्कोच मान्न सक्ने मानिसहरूका चिन्ताहरूलाई सम्बोधन गर्न र उनीहरूसम्मको पहुँचलाई सुधार गर्नका लागि गरिनुपर्ने कार्यहरू पनि समावेश गरिएको थियो । हामी स्याहार गृहका म्यानेजरहरू लगायत राष्ट्रिय तथा स्थानीय सरोकारवालाहरूसँग काम गरेर विशेष रूपमा वयस्क सामाजिक स्याहार कर्मचारी र स्याहार गृह कर्मचारीहरूमा खोप लगाउनमा सहायता गर्नका लागि लक्षित कार्यक्रम पनि प्रदान गरिरहेका छौं ।

10. हामी स्याहार गृहहरूमा बसिरहेका र काम गरिरहेका मानिसहरूको खोपमा पहुँच होस् भनेर काम गरिरहेका छौं - खोप टोलीहरू खोप लगाउनका लागि सिधैं स्याहार गृहहरूमा जाने गरेका छन् । NHS इङ्ल्याण्डले प्रत्येक जेष्ठ नागरिक स्याहार गृहका लागि न्यूनतम चार-भ्रमण तालिका सञ्चालन गरिरहेको छ । खोप लगाउने टोली स्याहार गृहमा आउँदा उपस्थित नभएका हुन सक्ने कर्मचारीहरूलाई अन्य खोप सेवाहरूमार्फत पहुँच प्राप्त गर्ने सुविधा उपलब्ध गराइएको छ । हामीले 7 हप्ताका लागि नेसनल बुकिङ सर्भिस (राष्ट्रिय बुकिङ सेवा) पनि खुला गरेका थियौं ताकि अग्रपंक्तिमा काम गर्ने सामाजिक स्याहार कर्मचारीहरूले आफैं आफ्नो अपोइन्टमेन्टहरू बुक गर्न सकून् । 1 अप्रिलबाट, स्याहार गृहका कर्मचारीहरूले आफ्नो GP मार्फत सिधैं खोपको व्यवस्था मिलाउन सक्छन् ।

11. गृह स्याहार कर्मचारीहरू (र वृहत वयस्क सामाजिक स्याहार जनशक्ति) का कुनै पनि प्रश्न तथा सरोकारका कुराहरूलाई सम्बोधन गर्नका निम्ति हामीले विस्तृत सञ्चार कार्यक्रम प्रदान गरेका छौं । यसमा निम्न पर्दछन्:

- हाम्रो CARE एपभरि शेयर गरिएका विशेष रूपमा तयार गरिएका सञ्चार सामग्रीहरू (पोस्टर, भिडियो, लिफलेट र शेयर गर्न सकिने सामाजिक सञ्जाल सामग्रीहरू), साप्ताहिक न्युजलेटर र वयस्क सामाजिक स्याहार र डिपार्टमेन्ट अफ हेल्थ एण्ड सोसल केयर (स्वास्थ्य तथा सामाजिक स्याहार विभाग) का सामाजिक च्यानलहरू
- खोपमा विश्वास निर्माण गर्न नेसनल बुकिङ सर्भिसमा बुकिङलाई प्रोत्साहित गर्नका लागि डिजिटल विज्ञापनसहित सामाजिक स्याहार कर्मचारीहरूलाई लक्षित सशुल्क विज्ञापन क्याम्पेन
- सरोकारवाला टुलकिट (प्रश्न तथा जवाफहरू, दिशानिर्देश र सञ्चार सामग्रीहरू) जसलाई साप्ताहिक रूपमा अद्यावधिक गरिन्छ
- विश्वासलाई बढाउन र गलत जानकारीलाई हटाउनका लागि इन्फ्लुएन्सर (प्रभावशाली व्यक्ति), अगुवा वा पहिले नै खोप लगाइसकेका गृह स्याहारका कर्मचारीहरू प्रयोग गरेर सकारात्मक सन्देश प्रवाह
- विभिन्न भाषाहरूमा सामग्री र खोप सामग्रीको सह-निर्माण गर्न र दूतहरूका रूपमा काम गर्न इच्छा व्यक्त गरेका विभिन्न धार्मिक समूहहरूसँग भेटघाटहरू

12. हामीले खोप लगाउने कार्यलाई बढाउनका निम्ति स्थानीय, क्षेत्रीय तथा राष्ट्रिय स्तरमा चाल्नुपर्ने थप कार्यहरू पहिचान गर्नका लागि सरोकारवालाहरूसँग काम गर्न जारी राखेका छौं । यसको हिस्साको रूपमा, हामीले खोप लगाउने दर कम रहेका लन्डन जस्ता स्थानहरूका जेष्ठ नागरिक स्याहार गृहहरूमा सहायतालाई लक्षित गरिरहेका छौं । [4 अप्रिल 2021 सम्म, लन्डनमा जेष्ठ नागरिक स्याहार गृहहरूमा खोप लगाउन योग्य रहेका कर्मचारीहरूले खोप लगाएको दर] 67.8% रहेको छ भने साउथ वेस्टमा यो दर 82.4% छ । यी सबै कार्यहरू स्थानीय स्तरमा कर्मचारी, स्थानीय अधिकारी, जनस्वास्थ्य टोली र अरूहरूद्वारा पूरा गरिएको छ ।

13. यी प्रयासहरूको बावजुद पनि, स्याहार गृहका कर्मचारीहरूका बीचमा खोप लगाउने कार्य त्यस स्तरमा छैन जुन हामीलाई थाहा भए अनुसार SAGE को सुझाव अनुसार सङ्क्रमणको व्यापक फैलावटलाई कम गर्नका आवश्यक पर्छ । अब COVID-19 बाट सबैभन्दा जोखिममा रहेका मानिसहरू र उनीहरूलाई स्याहार गर्ने मानिसहरूमा भाइरसको फैलावटको जोखिमलाई कम गर्नका लागि हामी सबैले मिलेर आवश्यक हरेक कदम चाल्न अत्यावश्यक भएको छ । हामीले स्याहार गृहहरूमा बसिरहेका मानिसहरूलाई सुरक्षित गर्नैपर्छ र साथमा हामीले त्यस्तो महत्त्वपूर्ण भूमिका पूरा गर्ने जनशक्तिलाई पनि सुरक्षित गर्नैपर्छ । खोप COVID-19 को फैलावटलाई रोक्नका लागि सुरक्षित, प्रभावकारी तरिका हो । जेष्ठ नागरिक स्याहार गृहहरूमा सबैजनालाई सुरक्षित राख्नका लागि त्यहाँ कार्यरत मानिसहरूले खोप लगाएका छन् भनेर सुनिश्चित गर्न सरकारले अहिल्यै आवश्यक कार्यहरू गर्नु ठीक हो ।

## नीतिको उद्देश्य

14. हामीले सरकारी दिशानिर्देश अनुरूप रहनेगरी जेष्ठ नागरिक स्याहार गृह प्रदायकहरूलाई COVID-19 खोप लगाएका कर्मचारीहरूलाई मात्र काममा लगाउन आवश्यक गराउनका लागि नियमहरू परिवर्तन गर्न प्रस्ताव गर्दैछौं । यसमा COVID-19 खोपबाट चिकित्सकीय छुटको प्रमाण उपलब्ध गराउन सक्ने कर्मचारीहरूलाई समावेश गरिनेछैन । हामीले आवश्यकतालाई स्पष्ट पार्नका लागि सङ्क्रमणहरूको रोकथाम तथा नियन्त्रणसम्बन्धी अभ्यास संहितालाई संशोधन गर्ने उद्देश्य पनि राखेका छौं । हामीले यस नीति र स्याहार गृहमा आउने अन्य पेशाकर्मीहरू, उदाहरणका लागि, स्याहार गृहमा बसिरहेका मानिसहरूलाई निकट व्यक्तिगत स्याहार उपलब्ध गराउने NHS कर्मचारीहरू, लाई समावेश गर्नका लागि यसलाई विस्तार गर्ने कि नगर्ने भन्ने बारेमा परामर्श गरिरहेका छौं ।

15. वयस्क सामाजिक स्याहार तथा स्वास्थ्यभरि अन्य अनेकौं वातावरणहरू हुन्छन् जहाँ उच्च जोखिम, बन्द वातावरणहरूमा COVID-19 बाट सबैभन्दा बढी जोखिममा रहेका मानिसहरूलाई स्याहार गरिन्छ । हामीले निरन्तर रूपमा यस नीतिलाई पुनरावलोकन गरिरहने छौं र समयको क्रमसँगै यो नीतिलाई वयस्क सामाजिक स्याहार तथा स्वास्थ्य क्षेत्रहरूका अन्य हिस्साहरूमा विस्तार गर्न आवश्यक छ कि छैन भनेर विचार गरिरहने छौं ।

## प्रस्तावित विधानसम्बन्धी परिवर्तन

16. हामीले यो नीतिलाई [सन् 2014 को हेल्थ एण्ड सोसल केयर एक्ट 2008 (रेगुलेटेड एक्टिभिटिज) रेगुलेसन्स [स्वास्थ्य तथा सामाजिक स्याहार ऐन 2008 (नियन्त्रित क्रियाकलापहरू) नियमावली]] मा संशोधन गरेर लागू गर्ने योजना बनाएका छौं । हामीले नियमावलीको भाग 3 मा आधारभूत मापदण्डहरूको खण्डमा, सम्भवतः नियम 12 (जसमा सुरक्षित स्याहार तथा उपचारसम्बन्धी प्रावधान

छ) मा सुरक्षित स्याहार तथा उपचार उपलब्ध गराउने हिस्साको रूपमा प्रदायकहरूले अनिवार्य रूपमा स्वास्थ्य सेवासँग सम्बन्धित लगायत सङ्क्रमणको जोखिम मूल्याङ्कन गरेर सङ्क्रमणलाई रोक्नुपर्छ, पत्ता लगाउनुपर्छ र फैलावटलाई रोक्नुपर्छ भन्ने प्रावधान रहेको नियम 12(2)(h) को पूरकको रूपमा नयाँ प्रावधानको आवश्यकतालाई थप गर्ने प्रस्ताव गर्छौं । हामीले कोड अफ प्राक्टिस अन इन्फेक्सन प्रिभेन्सन एण्ड कन्ट्रोल (सङ्क्रमण रोकथाम तथा नियन्त्रणसम्बन्धी अभ्यास संहिता) र यससँग सम्बन्धित दिशानिर्देशलाई पनि संशोधन गर्नेछौं । यसलाई हेल्थ एण्ड सोसल केयर एक्ट 2008 को दफा 21 अन्तर्गत सेक्रेटरी अफ स्टेटद्वारा जारी गरिन्छ र प्रदायकहरूले नियमावलीको नियम 12 अन्तर्गत आफ्ना दायित्वहरूलाई पालना गर्दा यसलाई अनिवार्य रूपमा ध्यानमा राख्नुपर्छ । अभ्यास संहिताका विधेयक संशोधनहरूलाई यस परामर्शसँग प्रकाशित गरिएका छन् (परिशिष्ट A हेर्नुहोस्) ।

17. यस मामिलाको महत्त्वको कारणले गर्दा हामीले कानूनलाई छिट्टै परिवर्तन गर्ने उद्देश्य राखेका छौं । जेष्ठ नागरिक स्याहार गृहहरूमा काम गर्ने कर्मचारीहरूलाई आफ्नो COVID-19 खोपको स्थितिलाई अद्यावधिक राख्न आवश्यक गराउने हाम्रो अहिलेको उद्देश्य रहेको छ । यसको पुनरावलोकन भइरहनेछ ।

जेष्ठ नागरिक स्याहार गृहहरूमा कर्मचारीहरूले COVID-19 खोप लगाउनुपर्ने प्रस्तावित आवश्यकताका बारेमा तपाईंको के विचार छ ?

- समर्थन गर्ने
- थोरै समर्थन गर्ने
- न समर्थन गर्ने, न समर्थन नगर्ने
- थोरै समर्थन नगर्ने
- समर्थन नगर्ने
- मलाई थाहा छैन
- लागू नहुने

कृपया आफ्नो जवाफलाई समर्थन गर्ने विवरण उपलब्ध गराउनुहोस् ।

# जेष्ठ नागरिक स्याहार गृहहरू

18. प्रस्तावित नियमहरू इङ्ल्यान्डमा आफ्नो गृहमा कम्तीमा पनि एकजना 65 वर्षभन्दा माथिको व्यक्ति बसोबास गरिरहेको र केयर क्वालिटी कमिसन (स्याहार गुणस्तर आयोग) मा दर्ता रहेको कुनै पनि स्याहार गृहमा लागू हुनेछन् । करिब 10,000 स्याहार गृहहरू रहेको भनेर अनुमान गरिएको छ ।

के तपाईं कुन-कुन स्याहार गृहहरूमा यो नियम लागू हुन्छ भनेर निर्धारण गर्नका यस परिभाषालाई प्रयोग गर्ने कुरासँग सहमत हुनुहुन्छ ?

- हो

- होइन
- मलाई थाहा छैन
- लागू नहुने

यस परिभाषाका बारेमा तपाईंलाई लागेका चिन्ता वा सरोकारका कुराहरू के-के छन् ?

19. SAGE सोसल केयर वर्किङ ग्रुपले खोप लगाएको अनिवार्य हुनुपर्ने आवश्यकता उपयुक्त रहन सक्ने वातावरणको रूपमा जेष्ठ नागरिकहरूका लागि स्याहार गृहहरूका साथ अगाडि बढ्न मनासिब हुन्छ बहनेर सुझाव दिएको छ । जेष्ठ नागरिकहरूका लागि स्याहार गृहहरूमा विभिन्न अन्य रोगहरू भएका 80 वर्ष माथिको औसत उमेरका जेष्ठ नागरिकहरू हुनुहुन्छ । स्याहार गृहहरूमा बसिरहेका केही मानिसहरूमा डिमेन्सिया र स्नायुसम्बन्धी तथा व्यवहारजन्य समस्याहरू हुन सक्नेछ जसले सङ्क्रमण नियन्त्रण गर्ने अभ्यासहरूलाई पालना गर्ने उनीहरूको क्षमतालाई कम गरिरहन्छ । यी बन्द वातावरणहरूमा, कर्मचारीहरूले विभिन्न निवासीहरूलाई स्याहार उपलब्ध गराइरहेको हुन सक्नेछ वा उनीहरूको विभिन्न निवासीहरूका साथसाथै अन्य कर्मचारीहरूसँग उल्लेखनीय सम्पर्क भइरहेको हुन सक्नेछ । यस स्तरको अन्तरक्रियाले COVID-19 (र अन्य सङ्क्रामक रोगहरू) प्रभाव पार्नेगरी फैलन सक्छ र केही मानिसहरूमा यसका गम्भीर नतिजाहरू हुन सक्नेछ । अहिलेको केस मृत्यु अनुपात करिब 20% रहेको छ - जो गृह स्याहार वातावरणहरूभन्दा बाहिर समान उमेरका व्यक्तिहरूको अनुपातभन्दा दुईगुणा बढी छ । खोपले गम्भीर नतिजाहरूलाई उल्लेखनीय रूपमा कम गर्ने अपेक्षा गरिन्छ ।

यस नीतिलाई जेष्ठ नागरिक स्याहार गृहहरूमा मात्र सीमित गर्ने प्रस्तावका बारेमा तपाईंका चिन्ता वा सरोकारका कुनै पनि कुराहरू छन् ?

- हो
- होइन
- मलाई थाहा छैन

कृपया आफ्नो जवाफलाई वर्णन गर्नुहोस् ।

# खोप लगाउन आवश्यक पर्ने मानिसहरू

20. हाम्रो उद्देश्य भनेको खोप लगाउने यो आवश्यकता कम्तीमा पनि एकजना 65 वर्षभन्दा माथिको जेष्ठ नागरिकलाई सहायता प्रदान गरिरहेको स्याहार गृहमा कार्यरत सबै कर्मचारीहरूमा लागू होस् भन्ने हो । यसले खोपको कभरेजले स्याहार गृहका सबै कर्मचारी तथा मानिसहरूलाई सुरक्षित गर्छ र स्याहार गृहमा सङ्क्रमणको व्यापक फैलावटको जोखिमबाट सुरक्षित गर्छ भनेर सुनिश्चित गर्नेछ । यो SAGE सोसल केयर वर्किङ ग्रुपले दिएको सुझाव अनुरूप रहेको छ ।

21. यसमा स्याहार गृह वा स्याहार गृह प्रदायकद्वारा (फुल-टाइम वा पार्ट-टाइमको आधारमा) सिधैं रोजगारीमा लगाएका सबै कर्मचारीहरू, एजेन्सीद्वारा रोजगारीमा लगाइएका तथा स्याहार गृहद्वारा काममा लगाइएका सबै कर्मचारीहरू र स्याहार गृहमा खटाइएका स्वयंसेवकहरू पर्ने गर्छन् । यसमा प्रत्यक्ष स्याहार उपलब्ध गराउनेहरू र स्याहार गृहमा सरसफाइ तथा भान्साकोठाका कर्मचारीहरू जस्ता अन्य काम गर्नेहरू रहने गर्छन् । यो स्याहार गृहमा COVID-19 परीक्षणको हाम्रो पद्धति अनुरूप रहेको छ ।

22. हामीले यो आवश्यकतालाई व्यावसायिक सेवाहरू वा अन्य स्याहार र सहायता उपलब्ध गराउन स्याहार गृहमा आउने अन्य मानिसहरूमा पनि विस्तार गर्न आवश्यक छ कि भनेर थप विचार आवश्यक छ । सम्भवतः यस नीतिलाई स्वास्थ्य तथा स्याहार कर्मचारीहरू जस्ता विशेषगरी निकट व्यक्तिगत स्याहार उपलब्ध गराउने स्याहार गृहमा आउने पेशाकर्मीहरूमा पनि विस्तार गरिनुपर्छ । यसमा स्याहार गृहमा आउने हेयरड्रेसर वा धार्मिक गुरुहरूलाई पनि समावेश गर्न सकिन्छ । हामीले 'अत्यावश्यक स्याहार प्रदानकर्ताहरू' को स्थितिका बारेमा पनि ध्यानपूर्वक विचार गरिरहेका छौं; यी स्याहार प्रदानकर्ताहरूमा त्यस्ता परिवारका सदस्य वा साथीभाइहरू पर्छन् जसले नियमित रूपमा स्याहार गृहमा आएर व्यक्तिगत स्याहार उपलब्ध गराउनेछौं भनेर सहमति जनाएका हुन्छन् । हामीले स्याहार गृहमा आउने सक्ने भनेर विभिन्न मानिसहरूका बारेमा सोचविचार गरिएका मुख्य कुराहरू यहाँ छन् भन्ने कुरालाई बुझेका छौं र तलका परामर्शसम्बन्धी प्रश्नहरूमा तपाईंका रायहरूलाई स्वागत गर्छौं ।

23. हामीले यो नीति अत्यावश्यक स्याहार प्रदानकर्ताहरू बाहेक स्याहार गृहहरूमा बसिरहेका मानिसहरूलाई भेट गर्न आउने परिवारका सदस्य तथा साथीभाइहरूमा विस्तार गर्ने उद्देश्य राखेका छैनौं र यस बारेमा कुन पद्धति उत्तम हुन्छ भनेर हामीले ध्यानपूर्वक सोचविचार गरिरहेका छौं । SAGE सोसल केयर वर्किङ ग्रुपले प्रियजन भेट गर्न आएर भाइरस सार्ने जोखिम र स्याहार गृहमा बस्ने मानिसहरूको कल्याणका लाभहरूका बीचमा सन्तुलन बनाउन जरुरी पर्ने भनेर सुझाव दिएको छ । हामीले भेट गर्न परिवारका सदस्य तथा साथीभाइहरूलाई उहाँहरूको पालो आएपछि जतिसक्दो खोप लगाउन प्रोत्साहित गरिरहेको भएतापनि भेट गर्न आउने मानिसहरूले सावधानीपूर्वक [हाम्रो दिशानिर्देशमा भएको सुझावलाई पालना गर्दा](#)सम्म हामीलाई परिवारका तर्फबाट भेट गर्न आउने मानिसहरूमा यो आवश्यकता विस्तार गर्न जरुरी छ भन्ने लाग्दैन । हामी यस प्रस्तावमा तलको प्रश्नमा तपाईंका रायहरूलाई स्वागत गर्छौं ।

जेष्ठ नागरिक स्याहार गृहमा काम गर्ने वा भेट गर्न आउने मानिसहरू मध्ये कसलाई यस नीतिको कार्यक्षेत्रद्वारा समेटिनुपर्छ ?

- स्याहार गृहमा काममा लगाइएका तलबी कर्मचारीहरू मात्र
  - हो
  - होइन
  - कुनै राय छैन
- छुट्टै भवनमा काम गर्ने तर कहिलेकाहीँ स्याहार गृहमा आउन सक्ने गृह स्याहार प्रदायकका लागि काम गर्ने कर्मचारीहरू (उदाहरणका लागि, अफ-साइट (गृहभन्दा बाहिरको) कार्यालयमा काम गर्ने कर्मचारीहरू)
  - हो
  - होइन

- कुनै राय छैन
- नियमित रूपमा स्याहार गृहमा आउने र स्याहार गृहमा बसिरहेका मानिसहरूलाई निकट व्यक्तिगत स्याहार उपलब्ध गराउने स्वास्थ्यकर्मीहरू
  - हो
  - होइन
  - कुनै राय छैन
- स्याहार गृहमा बसिरहेका मानिसहरूलाई निकट व्यक्तिगत स्याहार उपलब्ध गराउने अन्य पेशाकर्मीहरू, उदाहरणका लागि, हेयरड्रेसरहरू
  - हो
  - होइन
  - कुनै राय छैन
- काम जेजस्तो भएतापनि स्याहार गृहमा प्रवेश गर्ने सबै पेशाकर्मीहरू, उदाहरणका लागि,इलेक्ट्रिसियन, प्लम्बर, आर्ट थेरापिस्ट, म्युजिक थेरापिस्ट
  - हो
  - होइन
  - कुनै राय छैन
- नियमित रूपमा आएर निकट व्यक्तिगत स्याहार उपलब्ध गराउने "अत्यावश्यक स्याहारकर्ताहरू" को रूपमा तोकिएका परिवारका सदस्य वा साथीभाइहरू
  - हो
  - होइन
  - कुनै राय छैन
- भेट गर्न आउन सक्ने सबै परिवारका सदस्य वा साथीभाइहरू
  - हो
  - होइन
  - कुनै राय छैन
- स्वयंसेवकहरू
  - हो
  - होइन
  - कुनै राय छैन
- अन्य (कृपया स्पष्ट उल्लेख गर्नुहोस्)

# छुटहरू

24. थोरै सङ्ख्यामा यस्ता मानिसहरू पनि हुनेछन् जहाँ उनीहरूका लागि COVID-19 खोप उपयुक्त हुँदैन भनेर चिकित्सकीय सुझाव दिइएको हुन्छ । हामीले नियमहरूले चिकित्सकीय आधारहरूमा छुटहरूका लागि अनुमति प्रदान गर्छन् भनेर सुनिश्चित गर्नेछौं । यी नियमहरूको मस्यौदालाई चिकित्सकीय सुझावलाई दर्शाउने सङ्क्रामक रोग विरुद्धको ग्रिन बुक अन इम्युनाइजेसन (खोपसम्बन्धी हरियो किताब) (COVID-19: ग्रिन बुक, च्याप्टर 14a) र ज्वाइन्ट कमिसन अन भेक्सिनेसन एण्ड इम्युनाइजेसन (JCVI) (खोपसम्बन्धी संयुक्त आयोग) अनुरूप तयार गरिनेछ । यदि कुनै व्यक्तिलाई ग्रिन बुकले खोप लगाउन नहुने भनेर कारणको रूपमा सूचिकृत एलर्जी वा स्वास्थ्य समस्या (च्याप्टर 14a, पृष्ठ 16) छ भने त्यस्ता व्यक्तिहरूलाई खोपसम्बन्धी यो आवश्यकताबाट छुट

दिइनेछ, उदाहरणका लागि, पोलिइथाइनिल ग्लाइकोल (PEG) लगायत खोपको कुनै अवयवसँग पहिले पनि एलर्जीजन्य प्रतिक्रिया भएको । केही मानिसहरूलाई कुनै एलर्जी वा स्वास्थ्य अवस्था हुँदा ग्रिन बुक वा JCVI ले खोप लगाउने कार्यलाई अगाडि बढाउनुभन्दा पहिले चिकित्सकीय सल्लाह लिन सुझाव दिन्छ र सो व्यक्तिलाई छुट दिनुपर्छ कि पर्दैन भनेर स्वास्थ्यकर्मीको राय लिइनुपर्छ । गर्भवती महिलाहरूको सम्बन्धमा अहिलेसम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दुवै स्तरमा चिन्ता गराउने कुनै पनि सुरक्षा सङ्केतहरू पहिचान गरिएको छैन । JCVI ले कुनै उल्लेखनीय स्वास्थ्य समस्याहरू नभएका गर्भवती महिलाहरूमा खोपका जोखिम तथा फाइदाहरूसम्बन्धी तथ्याङ्कहरूको समीक्षा गर्न जारी राखेको छ ।

25. सरकारले [illegible] प्राप्त गर्छन् भनेर आफ्ना रोजगारदाताहरूलाई सबैभन्दा कम बोझिलो तरिकाका बारेमा विचार गरिरहेको छ ।

26. यदि उल्लेखनीय अवरोधहरूले योग्य कर्मचारीहरूलाई समयमै र पहुँचयोग्य तरिकामा खोप लगाउनबाट रोक्ने स्थिति आएमा यस नीतिको पुनरावलोकन गरिनेछ, जस्तै कि खोप आपूर्तिसम्बन्धी समस्या वा राष्ट्रिय चिकित्सा दिशानिर्देशमा परिवर्तनहरू । उदाहरणका लागि, यसको अर्थ यदि आपूर्तिसम्बन्धी समस्याहरूले गर्दा मनासिब यात्रा दुरीमा रहेको खोपमा पहुँच बनाउन कर्मचारीलाई असम्भव हुन्छ भने यो आवश्यकता उक्त व्यक्तिमा आपूर्तिसम्बन्धी समस्या समाधान नहुँदासम्म लागू हुनेछैन ।

27. सरकारले JCVI को सुझावलाई पालना गर्नेछ जसमा सावधानीको रूपमा कुनै पनि मौजुदा स्वास्थ्य समस्याहरू नभएका 30 वर्षमुनिका मानिसहरूलाई Oxford/AstraZeneca खोपको सट्टामा उपलब्ध हुँदा खोपको अर्को विकल्प प्रदान गर्नु उत्तम हुन्छ भनेर सुझाव दिइएको छ ।

के तपाईं यस आवश्यकताबाट छुट प्राप्त गर्न सक्ने मानिसहरूको समूहसँग सहमत वा असहमत हुनुहुन्छ ?

- एकदमै सहमत
- थोरै सहमत
- न सहमत, न असहमत
- थोरै असहमत
- एकदमै असहमत
- मलाई थाहा छैन
- लागू नहुने

यस आवश्यकताबाट अरू कस-कसले छुट प्राप्त गर्नुपर्छ ?

# कार्यान्वयन

28. स्याहार गृहका म्यानेजरहरू आफ्नो स्याहारमा बसिरहेका मानिसहरूको सुरक्षाका लागि मूलभूत रूपमा जिम्मेवार हुन्छन् । नियमहरूमा प्रस्तावित परिवर्तन अन्तर्गत गृहमा काम लगाइएका

कर्मचारीहरूले खोप लगाएका छन् वा खोप लगाउनबाट चिकित्सकीय रूपमा छुट प्राप्त गरेका छन् भनेर प्रमाण जाँच गर्ने जिम्मेवारी म्यानेजरहरूको हुनेछ । यसको अर्थ कर्मचारीहरूले आफूले खोप लगाएको हो भन्ने प्रमाण म्यानेजरलाई उपलब्ध गराउन आवश्यक हुन्छ ।

29. सरकारले मानिसहरूका लागि उनीहरूले खोप लगाएको भनेर आफ्ना रोजगारदाताहरूलाई प्रमाणित गर्नका लागि सबैभन्दा उत्तम तरिकामा बारेमा ध्यानपूर्वक विचार गरिरहेको छ । यसमा, उदाहरणका लागि, मोबाइल फोन एपमा खोप लगाइएको स्थिति देखाउने पर्न सक्नेछ ।

यो प्रश्न विशेषगरी स्याहार गृहका म्यानेजरहरूका लागि हो किनकी हामी स्याहार गृहका म्यानेजरहरूले खोप नलगाएका कर्मचारीहरूलाई कस्तो जवाफ दिनेछन् भनेर बुझ्न चाहन्छौं ।

तपाईंका कर्मचारीहरूले आफूले खोप लगाएको छु भनेर देखाउन आवश्यक पर्नेछ । तपाईंले उनीहरूले यो कसरी गरून् भनेर चाहनुहुन्छ ?

- मोबाइल एप
- लिखित स्व-घोषणा
- मौखिक पुष्टिकरण
- मलाई थाहा छैन
- अन्य (कृपया स्पष्ट उल्लेख गर्नुहोस)
- लागू नहुने

यो प्रश्न विशेषगरी स्याहार गृहका कर्मचारीहरूका लागि हो किनकी उनीहरू खोप लगाएको स्थिति प्रमाणित गर्ने व्यावहारिकताहरूमा केन्द्रित रहने गर्छन् ।

तपाईंले आफूले खोप लगाएको छु भनेर देखाउन आवश्यक पर्नेछ । तपाईंले यो कसरी गर्न चाहनुहुन्छ ?

- मोबाइल एप
- लिखित स्व-घोषणा
- मौखिक पुष्टिकरण
- मलाई थाहा छैन
- अन्य (कृपया स्पष्ट उल्लेख गर्नुहोस)
- लागू नहुने

यी प्रश्नहरू विशेषगरी स्थानीय अधिकारी तथा NHS साझेदारहरूका लागि हो किनकी उनीहरू स्याहार, सहायता वा अनुगमन सेवाहरूमा आफ्नो क्षमतामा केन्द्रित रहने गर्छन् ।

के तपाईंको स्याहार, सहायता वा अनुगमन सेवाहरूमा आफ्नो क्षमतामा प्रस्तावित आवश्यकताको पर्ने प्रभावका बारेमा कुनै चिन्ता वा सरोकारका कुराहरू छन् ?

- हो
- होइन
- मलाई थाहा छैन
- लागू नहुने

तपाईंको स्याहार, सहायता वा अनुगमन सेवाहरूमा आफ्नो क्षमतामा प्रस्तावित आवश्यकताको पर्ने प्रभावका बारेमा के-के चिन्ता वा सरोकारका कुराहरू छन् ?

30. सरकारले स्याहार गृहका नयाँ तथा मौजुदा कर्मचारीहरूलाई उनीहरूले खोप लगाएको आवश्यक हुनुभन्दा पहिले कति ग्रेस (छुट प्राप्त गर्ने) अवधि दिन उपयुक्त हुन्छ भनेर सोचविचार गरिरहेको छ ।

31. स्याहार गृहका म्यानेजरहरूले आफ्ना कर्मचारीहरूको रोजगारी र पेशागत स्वास्थ्य रेकर्डहरूको हिस्साको रूपमा खोपसम्बन्धी रेकर्डहरू राख्नेछन् भने हाम्रो अपेक्षा रहेको छ ।

जेष्ठ नागरिक स्याहार गृहहरूमा म्यानेजरहरूका लागि यो नीति कार्यान्वयन गर्न कतिको सजिलो हुनेछ ?

- एकदमै सजिलो
- थोरै सजिलो
- न सजिलो, न गाह्रो
- थोरै गाह्रो
- एकदमै गाह्रो
- मलाई थाहा छैन
- लागू नहुने

कृपया आफ्नो जवाफलाई समर्थन गर्ने विवरण उपलब्ध गराउनुहोस् ।

# केयर क्वालिटी कमिसन (स्याहार गुणस्तर आयोग) को भूमिका

32. यो आवश्यकता आधारभूत मापदण्डहरू (सन् 2014 को हेल्थ एण्ड सोसल केयर एक्ट 2008 (रेगुलेटेड एक्टिभिटिज) रेगुलेसन्समा व्यवस्था गरिएको) को हिस्सा बन्नेछन् र उपयुक्त मामिलाहरूमा केयर क्वालिटी कमिसन (CQC) (स्याहार गुणस्तर आयोग) द्वारा अनुगमन तथा लागू गरिनेछ भन्ने हाम्रो उद्देश्य रहेको छ । यो 65 वर्षभन्दा माथिको व्यक्ति बसिरहेको कुनै पनि स्याहार गृहमा लागू हुनेछ । रिपोर्ट गरिएका खोपका दरहरू कुन बसोबास स्थलहरूलाई निरीक्षण गर्ने भनेर निर्धारण गर्दा CQC ले विचार पुऱ्याउने जानकारीको समूहको हिस्सा बन्नेछन् ।

33. दर्ताको समयमा र निरीक्षण गरिँदा स्याहार गृहका म्यानेजरहरूले आफ्ना कर्मचारीहरूले MHRA द्वारा स्वीकृत COVID-19 खोप लगाएको पछिल्लो प्रमाण उपलब्ध गराउनुपर्नेछ ।

34. कानुनको पालना नगरिएको खण्डमा CQC ले आफ्नो कार्यान्वयन नीति अनुरूप रहनेगरी पहिचान गरिएका सबै प्रमाण र सार्वजनिक हित परीक्षणलाई पूरा गरिएको थियो कि थिएन भनेर जाँच गर्दै कार्यान्वयनका लागि जोखिममा आधारित तथा यथोचित कदम चाल्नेछ । CQC सँग कार्यान्वयनका लागि देवानी अधिकारहरू छ र सबैभन्दा गम्भीर मामिलाहरूमा प्रदायक वा दर्तावाल म्यानेजरहरूको विरुद्धमा फौजदारी कार्यान्वयन उपयुक्त हुन सक्नेछ ।

35. CQC का लागि उपलब्ध देवानी कार्यान्वयन विकल्पहरूमा निम्न पर्दछन्: चेतावनी सूचना जारी गर्ने, दर्ताका शर्तहरूलाई लागू गर्ने, परिवर्तन गर्ने वा हटाउनका लागि प्रस्ताव/निर्णयको सूचना जारी गर्ने, दर्तालाई निलम्बन वा रद्द गर्ने प्रस्ताव/निर्णयको सूचना जारी गर्ने, व्यक्तिको जीवन, स्वास्थ्य वा कल्याणमा गम्भीर जोखिम रहेको अवस्थामा दर्तालाई तत्कालै रद्द गर्नका लागि अदालतमा निवेदन पेश गर्ने र व्यक्तिमा हानिको जोखिम रहेको अवस्थामा दर्ताका शर्तहरूलाई निलम्बन गर्न वा परिवर्तन गर्न तत्काल सूचना जारी गर्ने ।

36. नियम 12 ले प्रदायक तथा दर्तावाल म्यानेजरहरूलाई सुरक्षित स्याहार र उपचार उपलब्ध गराउनका लागि आवश्यकता लागू गर्छ । यसमा प्रदायक तथा दर्तावाल म्यानेजरको "स्वास्थ्य स्याहारसँग सम्बन्धित रहेकाहरू लगायत सङ्क्रमणहरूको फैलावट" को जोखिमलाई लेखाजोखा गर्ने र त्यसलाई रोक्ने, पत्ता लगाउने तथा नियन्त्रण गर्ने आवश्यकता रहेको हुन्छ । यसलाई हेल्थ एण्ड सोसल केयर एक्ट 2008 को s.21 अन्तर्गत जारी गरिएको सेक्रेटरी अफ स्टेटको IPC संहिताद्वारा थप गरिएको छ । नियम 12 को उल्लंघन गर्दा परिणामस्वरूप सेवाको प्रयोगकर्तालाई बच्न सकिने हानि वा बच्न सकिने हानिको उल्लेख्य जोखिम हुन्छ भने प्रदायक तथा दर्तावाल म्यानेजर फौजदारी कसुरको दोषी हुन सक्नेछन् र CQC ले फौजदारी कार्यान्वयन कार्यवाही गर्ने कि नगर्ने भनेर जाँच गर्नेछ । दर्तावाल म्यानेजर वा प्रदायकद्वारा गरिएको कसुरको सम्बन्धमा अधिकतम निश्चित जरिवाना सूचना क्रमशः £2,000 वा £4,000 हुन्छ ।

# नीतिको प्रभाव र असरहरू

37. हाम्रो प्रारम्भिक पब्लिक सेक्टर इक्वालिटी ड्युटी (PSED) (सार्वजनिक क्षेत्र समानता कर्तव्य) विश्लेषणले खोपलाई जेष्ठ नागरिक स्याहार गृहहरूमा काममा लगाउने शर्तको रूपमा लिँदा त्यसले निश्चित समूहहरूमा अझ बढी उल्लेखनीय प्रभाव पार्न सक्नेछ भनेर देखाउँछ । विशेषगरी, वयस्क सामाजिक स्याहार जनशक्तिमा महिलाहरू र अश्वेत, एशियाली तथा अल्पसंख्यक जातीय समुदायहरूको ठूलो अनुपात रहेको छ । यी समूहहरू सामान्यतया खोप लगाउने बारेमा अझ बढी हिच्किचाउने गरेको र COVID-19 खोप नयाँ खोप भएकोले यस खोपमा विशेष रूपमा बढी हिच्किचाहट रहने भनेर जानकारी गराउने केही प्रमाण रहेको छ । विशेषगरी वयस्क सामाजिक स्याहार जनशक्ति तथा वृहत जनसंख्याभित्र खोप लगाउने कार्यमा सहायता गर्नका निम्ति चालू कार्यको हिस्साको रूपमा यी चिन्ता वा सरोकारका कुराहरूलाई सम्बोधन गर्नका लागि महत्वपूर्ण कार्यक्रमको काम निरन्तर चलिरहेको छ । यस नयाँ नीतिद्वारा यी समूहहरूका साथै अन्य कुनै पनि समूह भिन्न तरिकामा प्रभावित हुने छैनन् भनेर सुनिश्चित गर्नका लागि हामीले थप के गर्न सक्छौं र स्याहार गृह वातावरणहरूमा काममा लगाइएका तथा सहायता प्रदान गरिएका सबैलाई संरक्षण गर्ने हाम्रो आकांक्षा पूरा गर्नका लागि हामीले यसलाई कसरी व्यवस्थापन गर्न सक्छौं भनेर जान्नमा हामी एकदमै इच्छुक छौं ।

संरक्षित विशेषताहरू भएकाहरू जस्ता मानिसहरूको कुनै खास समूहहरू छन् जसलाई यस नीतिबाट विशेषगरी लाभ हुनेछ ?

- हो
- होइन
- मलाई थाहा छैन
- लागू नहुने

कुन निश्चित समूहहरूमा सकारात्मक रूपमा असर पर्न सक्नेछ र किन ?

संरक्षित विशेषताहरू भएकाहरू जस्ता मानिसहरूको कुनै खास समूहहरू छन् जसलाई यस नीतिबाट विशेषगरी नकारात्मक रूपमा असर पर्नेछ ?

- हो
- होइन
- मलाई थाहा छैन
- लागू नहुने

कुन निश्चित समूहहरूमा नकारात्मक रूपमा असर पर्न सक्नेछ र किन ?
तिनीहरूलाई नकारात्मक रूपमा असर नपरोस् भनेर सुनिश्चित गर्न हामीले के गर्न सक्छौं ?

38. हामीले हाम्रो पब्लिक सेक्टर इक्वालिटी एसेस्मेन्ट (सार्वजनिक क्षेत्र समानता मूल्याङ्कन) लाई यस परामर्शको हिस्साको रूपमा प्रकाशन गर्ने उद्देश्य राखेका छौं र यदि नीति कार्यान्वयन गरिएको खण्डमा खोप लगाउने कार्यमा नीतिको प्रभावलाई ध्यानपूर्वक खोज गर्नेछौं ।

39. यस नीतिको उद्देश्यको केन्द्रमा दक्ष, दयालु तथा स्याहार गर्ने जनशक्तिलाई टिकाइ राख्ने, जनशक्ति तथा उनीहरूले स्याहार गर्ने मानिसहरूलाई सुरक्षित राख्ने र वयस्क सामाजिक स्याहारमा गरिने कामलाई आकर्षक करिअर विकल्प बनाउने रहेको छ । गएको वर्षमा स्याहार गृहहरूमा काम गर्नेहरूले महामारीको समयमा गरेका बलिदानहरूलाई हामीले बुझेका छौं । हामीलाई विश्वास छ कि यस नीतिलाई प्रारम्भ गर्दा त्यसले छिटो गतिमा र स्याहार गृहहरूमा भविष्यमा सङ्क्रमणको व्यापक फैलावटको जोखिमबाट बच्ने प्रयोजनका साथ अगाडि बढ्ने आवश्यकतालाई दर्शाउँछ । हामीले स्याहार गृहका प्रदायकहरू र हरेक कर्मचारीहरूलाई COVID-19 खोपमा पहुँच बनाउनका लागि सहायता दिन र अहिलेसम्म भइसकेका प्रगतिलाई आधार बनाएर अगाडि बढ्न जारी राख्नेछौं । यसमा खोप लगाउने बारेमा चिन्ताका कुनै पनि कुराहरू भएका मानिसहरूका लागि विश्वसनीय व्यक्तिबाट 1 टु 1 सहायतामा पहुँच र NHS खोप कार्यक्रममार्फत चालु आधारमा खोपमा पहुँच सम्भव भएसम्म सरल रहन्छ भनेर सुनिश्चित गर्न जारी राख्ने पर्नेछन् ।

40. खोप लगाउन चिकित्सकीय रूपमा उचित हुने भएतापनि केही मानिसहरूले खोप नलगाउने भनेर रोज्न सक्ने कुरालाई बुझिएको छ । यी परिस्थितिहरूमा तिनीहरूलाई त्यस उप्रान्त स्याहार गृहको वातावरणमा काममा लगाउन मिल्ने छैन र प्रदायकहरूले सुरक्षित, उच्च गुणस्तरीय स्याहारको व्यवस्थालाई अस्थिर नगराउने तरिकामा त्यसको व्यवस्थापन गर्न आवश्यक पर्नेछ । यस परामर्शमा

हामीले यदि कर्मचारीहरूले खोप लगाउनुभन्दा पनि स्याहार गृहको जनशक्तिलाई छोड्ने निर्णय गरेमा त्यसको कर्मचारी स्तरहरूमा हुने सम्भावित प्रभावका बारेमा प्रश्न सोधिरहेका छौं । यो खोप लगाउने कार्य कम रहेका केही स्थानीय क्षेत्रहरूमा विशेष मुद्दा हुन सक्नेछ ।
यी प्रश्न विशेषगरी स्याहार गृहका म्यानेजरका लागि हो किनकी हामी स्याहार गृहका म्यानेजरहरूले खोप नलगाएका कर्मचारीहरूलाई कस्तो जवाफ दिनेछन् भनेर बुझ्न चाहन्छौं ।

खोप नलगाएका कर्मचारीहरूका बारेमा सोच्दै तपाईंले यो आवश्यकतालाई कसरी जवाफ दिनुहुनेछ भनेर पहिले नै विचार गर्नुभएको छ ?

- खोप नलगाएका कर्मचारीहरूलाई पुन: काममा खटाउने
- खोप नलगाएका कर्मचारीहरूको रोजगारीलाई अन्त्य गर्ने
- अन्य (कृपया स्पष्ट उल्लेख गर्नुहोस्)
- लागू नहुने

के सुरक्षित सेवा कायम राख्ने जेष्ठ नागरिक स्याहार गृहहरूको क्षमतामा नीतिले पार्ने प्रभावका बारेमा तपाईंका कुनै चिन्ता वा सरोकारका कुराहरू छन् ?

- हो
- होइन
- मलाई थाहा छैन
- लागू नहुने

सुरक्षित सेवा कायम राख्ने जेष्ठ नागरिक स्याहार गृहहरूको क्षमतामा नीतिले पार्ने प्रभावका बारेमा तपाईंका लागेका चिन्ता वा सरोकारका कुराहरू निम्न मध्ये कुन-कुन हुन् ? (लागू हुने सबैमा ठीक चिन्ह लगाउनुहोस्)

- केही कर्मचारीहरूले खोप लगाउने अस्वीकार गर्न सक्नेछन् र आफ्नो अहिलेको काम छोडेर जान सक्नेछन्
- यदि यो नीति आफ्नो व्यक्तिगत विश्वासको प्रतिकूल रहेमा केही कर्मचारीहरूले नीतिको विरोधमा काम छोडेर जान सक्नेछन्
- बाँकी कर्मचारीहरूले मन नपराइ-नपराइ आवश्यकतामा सहमति जनाउन सक्नेछन् र यसले मनोबललाई घटाउन सक्नेछ
- कर्मचारीहरूले अदालतमा स्याहार गृहहरूको विरुद्धमा मुद्दा हाल्ने बारेमा विचार गर्न सक्नेछन्
- कर्मचारीहरूलाई प्रभावित गर्ने अन्य उपायहरूमा यसको प्रभाव पर्न सक्छ, जस्तै कि स्वास्थ्य तथा स्याहार स्थलहरूको बीचमा आउजाउ कमे हुने
- वैकल्पिक प्रशिक्षित कर्मचारीहरूको आपूर्ति उपलब्ध हुने
- अल्पकालीन कर्मचारीहरूको शुल्क समेटिने

- नयाँ स्थायी कर्मचारीहरूलाई रोजगारीमा लगाउँदा लाग्ने शुल्क
- नयाँ स्थायी कर्मचारीहरूलाई रोजगारीमा लगाउँदा लाग्ने समय
- अन्य (कृपया स्पष्ट उल्लेख गर्नुहोस्)

कृपया यी प्रभावहरूका स्तरको कुनै पनि प्रमाण र तपाईंको बुझाइ यहाँ साझा गर्नुहोस्:

- न्यूनतम प्रभाव
- मध्यम प्रभाव
- गम्भीर प्रभाव

कृपया आफ्नो जवाफलाई समर्थन गर्ने विवरण उपलब्ध गराउनुहोस् ।

हामीले यस नयाँ नीतिको जनशक्तिमा पर्ने प्रभावलाई कसरी कमभन्दा कम राख्न सक्छौं भन्ने बारेमा तपाईं के सोच्नुहुन्छ ? (लागू हुने सबैमा ठीक चिन्ह लगाउनुहोस्)

- खोपमा पहुँचलाई सरल बनाउने
- खोपसँग सम्बन्धित कुनै पनि खर्चलाई समेट्ने निर्दिष्ट आर्थिक सहायता, उदाहरणका लागि, यात्रा, समय साइड इफेक्टहरूले गर्दा हुने खर्चहरू
- अद्यावधिक जानकारीमा पहुँच
- स्थानीय अधिकारी खोप विजेताहरूबाट सहायता
- स्याहार गृहसँग जोडिएका चिकित्सकीय अगुवाहरूबाट सहायता
- अन्य (कृपया स्पष्ट उल्लेख गर्नुहोस्)

के तपाईंलाई यो नयाँ नीति स्याहार गृहहरूले अनिवार्य पालना गर्नुपर्ने अन्य कानुनी आवश्यकताहरूसँग कुनै पनि तरिकामा बाँझिन्छ जस्तो लाग्छ ?

- हो
- होइन
- मलाई थाहा छैन
- लागू नहुने

कृपया यो नयाँ नीति अन्य कानुनी आवश्यकताहरूसँग बाँझिन सक्ने बारेमा थप विवरण दिनुहोस् ।

41. परामर्श अवधिको दौरान, हामीले व्यक्तिहरू र रोजगारी कानुनका परिणामहरूका सम्बन्धमा अपेक्षा गरिएका प्रभावका बारेमा रोजगारदाताहरूसँग प्रत्यक्ष रूपमा छलफल गर्ने उद्देश्य राखेका छौं । यदि नीति कार्यान्वयन गरिन्छ भने हामीले म्यानेजर तथा कर्मचारीहरूका लागि असरहरू प्रस्तुत गर्दै गृह स्याहार म्यानेजरहरूका लागि कार्य सञ्चालन दिशानिर्देश प्रकाशन गर्ने बारेमा विचार गर्नेछौं ।

# परिशिष्ट A: अभ्यास संहितामा प्रस्तावित थप कुरा – मापदण्ड 10

## दर्तावाल प्रदायकहरूले सबै कर्मचारीहरूको COVID-19 खोप स्थितिका सम्बन्धमा नीति तथा प्रक्रियाहरू लागू छन् भनेर सुनिश्चित गर्नुपर्छ; जस्तै कि:

65 वर्ष तथा सोभन्दा माथि उमेरका एक वा बढी निवासीहरू रहेका स्याहार गृहहरूमा सबै योग्य कर्मचारीहरूले आफ्नो COVID-19 खोपहरू लगाएका छन् । यसमा स्याहार गृह प्रदायकद्वारा सिधैं रोजगारीमा लगाएका, एजेन्सीद्वारा रोजगारीमा लगाइएका सबै कर्मचारीहरू र स्याहार गृहमा खटाइएका स्वयंसेवकहरू पर्छन् । यसमा प्रत्यक्ष स्याहार उपलब्ध गराउनेहरू र सरसफाइ तथा भान्साकोठाका कर्मचारीहरू जस्ता सहायक भूमिकामा रहेकाहरू पनि पर्छन् ।
प्रदायकले नियम 12[फुटनोट 2] को अनुरूप रहनेगरी स्याहार गृहमा काममा लगाइएका सबै योग्य कर्मचारीहरूले निर्दिष्ट छुट अवधिभित्र MHRA द्वारा स्वीकृत COVID-19 खोपहरूका आवश्यक डोजहरू लगाएका छन् भनेर देखाउनेछन् र त्यसको विवरण दर्तावाल म्यानेजर (वा समान पदका व्यक्ति) ले कर्मचारीहरूका फाइलहरूमा सुरक्षित रूपमा राख्नेछन् । यो मौजुदा तथा नयाँ कर्मचारीहरू लागू हुन्छ ।
(ग्रिन बुक, JCVI दिशानिर्देश र चिकित्सकीय सुझाव अनुसार) स्वास्थ्य कारणहरूले गर्दा COVID-19 खोप लगाउन नमिल्ने कर्मचारीहरूका लागि चिकित्सकीय छुटको रेकर्ड छ ।

स्वास्थ्य कारणहरूले गर्दा खोप लगाउन नमिल्ने कर्मचारीहरूका लागि दर्तावाल म्यानेजर (वा समान पदका व्यक्ति) ले जोखिम मूल्याङ्कनहरू पूरा गर्नेछन् र जोखिमहरूलाई कम गर्नका उचित कदमहरू चाल्नेछन् ।
कर्मचारीहरूको खोप लगाउने योग्यतालाई नियम 12 अनुरूप रहनेगरी नियमित रूपमा पुनरावलोकन गरिन्छ ।

खोप लगाउने आवश्यकता र व्यक्तिको रूपमा उनीहरूका लागि तथा उनीहरूको सेवा प्रयोग गर्ने मानिसहरूका लागि हुने फाइदाहरूका बारेमा कर्मचारीहरूलाई उपयुक्त शिक्षा रहेको छ ।

खोपमा पहुँच प्राप्त गर्नका लागि कर्मचारीहरूलाई उपयुक्त सहायता उपलब्ध गराइन्छ ।

1. अन्य तरिकामा निर्दिष्ट गरिएको नभएसम्म यस परामर्शमा सन्दर्भको रूपमा दिइएका सबै तथ्याङ्कहरू इङ्ल्यान्डका लागि हो । ↩
2. सन् 2014 को हेल्थ एण्ड सोसल केयर एक्ट 2008 (रेगुलेटेड एक्टिभिटिज) रेगुलेसन्सको नियम 12 ले सेवा प्रयोगकर्ताहरूलाई सुरक्षित तरिकामा स्याहार र उपचार उपलब्ध गराउन आवश्यक गराउँछ । यसमा दर्तावाल व्यक्तिको स्वास्थ्य स्याहारसँग सम्बन्धित रहेकाहरू लगायत सङ्क्रमणहरूको फैलावटको जोखिमलाई लेखाजोखा गर्ने र त्यसलाई रोक्ने, पत्ता लगाउने तथा नियन्त्रण गर्ने दायित्व रहेको छ (नियम 12(2)(h)) । यो प्रस्ताव भनेको यस परामर्श कागजपत्रमा वर्णन गरिएका खोपसम्बन्धी आवश्यकताहरूलाई समावेश गर्नका लागि नियम 12 लाई संशोधन गर्ने रहेको छ । CQC सँग नियम 12 पूरा गर्न असफल रहने

प्रदायकको विरुद्धमा मुद्दा चलाउने अधिकार हुन्छ जसमा सो असफलताले गर्दा बच्न सकिने हानि वा त्यस्तो हानिको उल्लेखनीय जोखिम भएको हुन्छ । ↩